**नेपाल सरकार**

**शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरको**

**स्नातकोत्तर तह उत्तीर्ण गरी अस्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेका व्यक्तिहरुका लागि अत्यन्त जरुरी सूचना**

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ को उपनियम (२क) बमोजिम स्नातकोत्तर तह उत्तीर्ण गरेका व्यक्तिहरुको लागि वि.नं. २३।०६८।६९ मिति २०६८।१२।२५ गते लिखित परीक्षाबाट अस्थायी अध्यापन अनुमतिपत्र प्रदान गरिएकोमा मिति २०७३ साल भाद्र मसान्त भित्र एम.एड./वि.एड. वा १० महीने तालिम लिएको प्रमाण सहित क्षेत्रीय शिक्षा निर्देशनालयमा निवेदन दिन सूचना जारी भएकोमा हाल पुनः त्यस्ता व्यक्तिहरु बाँकी रहन गएको भनी यस आयोगमा निवेदन प्राप्त भएकोले आयोगको मिति २०७४/०९/२३ गतेको निर्णयानुसार स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गर्ने प्रयोजनका लागि देहायका कागजात सहित सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयमा मिति २०७४ साल फागुन मसान्त भित्र निवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. निवेदन,
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
३. अस्थायी अध्यापन अनुमति पत्रको सक्कल प्रति,
४. स्नातकोत्तर तह उत्तीर्ण गरेको प्रमाण-पत्रहरु,
५. एम.एड., वि.एड. वा १० महीने तालिम लिएको प्रमाणपत्र,
६. हाल सालै खिचिएको पासपोर्ट साइजको २ (दुई) प्रति फोटो,
७. राजस्व वापत रु ३५०।- दाखिला गरेको भौचर,
८. प्रमाणपत्रहरुका पछाडि निवेदकले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको ।

**पुनश्चः यसै सूचनालाई आधार मानी सम्बन्धित ५ वटै क्षेत्रीय शिक्षा निर्देशनालयहरुले यस सम्बन्धी काम कारवाही अगाडी वढाउनु हुन अनुरोध छ ।**